# जिल्ला समन्वय समितिको कार्यालय सिन्धुपाल्चोक

चौतारा

बागमती प्रदेश, नेपाल

दर्ता नं: १६३५
दर्ता मिति २०७६।११।१२

पत्र संख्या : ०७६।७७
चलानी नं : ५०५

मिति : २०७६।११।११

श्री स्थानीय निकाय
(सर्व) सिं०पा०

विषय : कार्यक्रममा सहभागी भईदिनु हुन ।

उपरोक्त सम्बन्धमा "बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोग (डिएफआइडी डिफिड) को आर्थिक सहयोगमा पिपल इन निड(पिन) र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सि.एस.आर.सि.)ले कसोर्टियम पार्टनरको रुपमा 'दिगो समाधान परियोजना' मार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको बस्ती स्थानान्तरण र आवास निर्माण अनुदान कार्यक्रमद्वारा, जोखिमयुक्त क्षेत्रमा परेका र भूमिहीन घर परिवारको लागि जग्गा प्राप्ति तथा निजी आवास पुनर्निर्माण अनुदान लिनका लागि सहजीकरण गर्ने कार्य गरिरहेको यहाँलाई अवगतै छ ।

दिगो समाधान परियोजना सगको सहकार्यमा Durham University ले सिन्धुपाल्चोक जिल्लामा सन् २०१४ साल देखि हालसम्म उपग्रह(स्याटालाईट) बाट उपलब्ध नक्साबाट जमिनको हलचल अध्ययन गरि जिल्लाको विभिन्न पहिरो र त्यसको जोखिमबारे नक्सा तयार यहाँलाई जानकारी गराउन चाहन्छौ । जिल्लाको विपद् व्यवस्थापनमा सहयोग पुगोस् भन्ने हेतुले उक्त अध्ययनबाट तयार पारेका नक्साबारे जानकारी गराउनका लागि सहजीकरण नेपालको बरिष्ठ भुगर्भविद् डा. मेघराज धितालले गर्नुहुने छ । साथै उक्त कार्यक्रममा नक्सा हस्तान्तरण गर्नका निम्ति कार्यक्रम सचालन गर्न आवश्यक सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

साथै उक्त कार्यक्रममा सहभागिताको लागि यस जिल्लाका बिपद् व्यवस्थापनमा सलग्न सबै सुरक्षा निकायका प्रमुखहरु, गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरु र उप-प्रमुखहरु, वडा अध्यक्ष र प्राविधिकहरुलाई पत्राचार गर्नका लागि सहयोग गरिदिनुहुन "भनी दिगो समाधानको च.नं. २७ मिति २०७६।११।०७ को पत्रबाट लेखिआएकोले तपसिलको मिति, स्थान र समयमा उपस्थितिका लागि आदेशानुसार अनुरोध छ ।

कार्यक्रम

मिति : २०७६ फागुन १५ गते

स्थान: फिल्ड ट्रेनिङ सेन्टर , चौतारा

समय : बिहान ९:०० बजे

(महेन्द्रनाथ भट्टराई)
जिल्ला समन्वय अधिकारी

टेलिफोन नं : ०११ ६२०१०२ फ्याक्स नं. ०११ ६२००८७
इमेल : ddcsindhupalchowk@gmail.com वेबसाइट :